**राज्य खुराक** (State Supplements) **नामक नगद अनुदान निश्चित बृद्धबृद्धा, नेत्रहिन, वा अपाङ्ग व्यक्तिहरूलाई प्रदान गरिन्छ जसको आधारभूत मानवीय आवश्यकता पूरा गर्नको लागि पर्याप्त पैसा वा स्रोत साधन हुँदैन ।**

राज्य खुराक कार्यक्रम (SSP) भित्र निम्न कार्यक्रमहरू पर्दछन्:

- बृद्धावस्था सहायता (OAA): NH भित्र बसोबास गर्ने ६५ वर्ष वा सोभन्दा बढी उमेरका बृद्धबृद्धाहरूको लागि;
- स्थायी तथा पूर्ण रूपमा अपाङ्ग सहयोग (APTD): NH भित्र बसोबास गर्ने १८ देखि ६४ वर्ष उमेरका र राज्यद्वारा शारीरिक वा मानसिक रूपमा अपाङ्गको रूपमा मान्यता दिइएकाहरूको लागि; र
- विपन्न नेत्रहिन सहायता (ANB): NH भित्र बसोबास गर्ने कुनै पनि उमेरका राज्यद्वारा कानुनी रूपमा नेत्रहिनको रूपमा मान्यता दिएका व्यक्तिहरूका लागि ।

## कसरी आवेदन दिन सकिन्छ?

आवेदन दिन सजिलो छ! तपाईं निम्नानुसार आवेदन गर्न सक्नुहुन्छ:

- https://nheasy.nh.gov मा भिजिट गरेर अनलान आवेदन भर्ने;
- www.dhhs.nh.gov/dfa/apply मा उपलब्ध आवेदन फाराम प्रिंटआउट निकालेर भर्ने र हामीलाई हुलाकबाट पठाउने; वा
- तपाईंले आवेदन दिनको लागि DHHS को स्थानीय जिल्ला कार्यालयमा सम्पर्क गर्ने।

तपाईंले आफ्नो अवस्था र आवश्यकताहरूको बारेमा परिवार सेवा विशेषज्ञ (FSS) सँग पनि वार्तालाप गर्नुपर्नेछ। यस अन्तरवार्ताको क्रममा FSS ले कार्यक्रमका आवश्यकताहरूका बारेमा बताउने छन् । FSS ले तपाईंले प्राप्त गर्ने सुविधाहरूको बारेमा पनि जानकारी गराउने छन् ।

## मेरो अन्तरवार्ताको लागि के के चाहिन्छ?

अन्तरवार्ताको समयमा समय खेर नजाओस् भन्नको लागि तपाईंसँग निम्न कुराहरू हुनुपर्दछ:

- समग्र आयको प्रमाण;
- न्यु ह्याम्प्शायरको बासिन्दा भएको प्रमाण;
- घरायसी खर्च वा खाद्यसामग्री खर्चको प्रमाण;
- हातमा रहेको नगद, चल्ती तथा बचत खाताहरूको जानकारी;
- बचतको प्रमाणपत्र, व्यक्तिगत अवकास खाता (IRA's), वार्षिक अनुदान सम्बन्धी जानकारी;
- समाधि सम्झौता
- सामाजिक सुरक्षा कार्ड, सामाजिक सुरक्षा प्राप्त गरेको पत्र, भूतपूर्व सैनिक सुविधा, रेलरोडसम्बन्धी सुविधा र/वा अतिरिक्त सुरक्षा आय (SSI);
- जीवन बीमा पोलिसीहरू ।

तपाईं योग्य बन्ने/नबन्ने कुरामा प्रभाव पार्ने कुनै पनि विषयमा पूर्ण र यथार्थ जानकारी दिनुपर्नेछ । तपाईंले बताएका सबै कुराहरूको पुष्टि गर्न प्रमाणहरू पनि पेश गर्नुपर्नेछ ।

## SSI भन्दा SSP कसरी भिन्न छ?

राज्य खुराक कार्यक्रम (OAA, APTD, ANB) ले न्यु ह्याम्प्शायर राज्यबाट पाक्षिक भुक्तानीको रूपमा विपन्न बृद्धबृद्धा, नेत्रहिन, वा अपाङ्ग व्यक्तिहरूलाई आर्थिक सहायता उपलब्ध गराउँछ । अतिरिक्त सुरक्षा आय (SSI) एउटा संघीय कार्यक्रम हो, जसले सीमित आय र स्रोत हुने बृद्धबृद्धा, अपाङ्ग, तथा नेत्रहिन व्यक्तिहरूलाई मासिक रूपमा चेकमार्फत अनुदान दिन्छ । न्यु ह्याम्प्शायरका विपन्न बृद्धबृद्धा, अपाङ्ग, तथा नेत्रहिन व्यक्तिहरूले संघीय SSI कार्यक्रमको लागि पनि आवेदन दिनुपर्छ । यदि मेडिकल आधारमा अयोग्य भएकोले तपाईंलाई यी सुविधाहरूबाट वञ्चित गरियो भने तपाईं APTD नगद सुविधाको लागि पनि योग्य ठहरिनु हुन्न ।

## आय र स्रोतको कुनै सीमा हुन्छ कि?

हो । OAA, APTD, र ANB प्राप्त गर्न योग्य हुने/नहुने कुरा तपाईं र तपाईंको श्रीमान/श्रीमतीको कुल आय(तलब, सामाजिक सुरक्षा भत्ता, SSI, आदि) र स्रोत (बचत खाता, आदि) मा भर पर्दछ ।

## स्वास्थ्यसम्बन्धी खर्चको बारेमा के हुन्छ?

यदि SSP नगद अनुदानको लागि योग्य हुनुभयो भने तपाईंले स्वास्थ्य सहायता पनि पाउनुहुनेछ । तपाईंले SSP अन्तर्गत स्वास्थ्य सहायतामात्र (नगद बिना) पनि पाउन सक्नुहुन्छ । तपाईंलाई मेडिकएड कार्ड दिइनेछ । यस कार्डलाई सुरक्षित स्थानमा राख्नुहोला । तपाईंले कुनै सेवा लिनुभन्दा अगाडि यो कार्ड चिकित्सक, अस्पताल, वा औषधी विक्रेतालाई देखाउनुहोस् । अधिकांश चिकित्सक र विक्रेताले यस कार्डलाई मान्यता दिन्छन् र मेडिकएडको नाममा बिल पठाउँछन् । सामान्यतया मेडिकएडले सिधै पसलमा गएर किनिएको (over-the-counter) औषधीको लागि पैसा तिरिदिँदैन ।

तपाईंसँग मेडिकेयर छ भने पनि मेडिकएडले सबै सहबीमा तथा कटाउन सकिने रकमहरू (deductibles) तिरिदिन्छ तर सिफारिस गरिएका अधिकांश औषधीको लागि तिरिदिँदैन । मेडिकएडले बिल तिर्नु अगाडि मेडिकेयर वा अन्य स्वास्थ्य बीमालाई तिराउनुपर्नेछ ।

## मैले अन्य सहयोग पनि पाउन सक्छु कि?

यदि तपाईंले OAA, APTD, वा ANB सुविधाहरू प्राप्त गर्नुभयो भने अन्य विभागीय कार्यक्रमहरूको लागि पनि योग्य बन्न सक्नुहुनेछ, जस्तो रासन कार्ड (Food Stamp) सुविधा, सामाजिक सेवा सुविधा, आदि । तपाईंको सम्बन्धित कर्मचारीले तपाईंलाई अन्य कार्यक्रमहरूका बारेमा बताउनेछन् र तिनको लागि आवेदन गर्न सघाउनेछन् । तपाईं हामीले उपलब्ध गराउने सबै कार्यक्रमहरूका बारेमा थप जानकारी प्राप्त गर्न हाम्रो वेबसाइटमा पनि भिजिट गर्न सक्नुहुन्छ । हाम्रो वेबसाइट ठेगाना यस प्याम्फ्लेटको अगाडि दिइएको छ ।

## प्रतिपूर्ति र पुन:प्राप्ति भनेको के हो?

न्यु ह्याम्प्शायर राज्यको कानुन बमोजिम सबै खाले अनुदानको लागि OAA, ANB, वा APTD कार्यक्रमका आर्थिक अनुदान प्रापकहरू र कानुनी रूपमा छोडपत्र नगर्दासम्म उक्त व्यक्तिको श्रीमान वा श्रीमतीको सम्पत्तिमा ग्रहणाधिकार (स्वामित्वको हक) लागू गरिएको हुन्छ ।

तपाईंले OAA, ANB, or APTD आर्थिक सहयोगको लागि आवेदन दिँदा हामीले कुनै प्रकारको सहायता उपलब्ध गराउनु पूर्व राज्यले तपाईं वा तपाईंको श्रीमान/श्रीमतीको (सहायता उपलब्ध गराउने समय वा त्यसपछि) स्वामित्वमा रहेको कुनै पनि वास्तविक सम्पत्तिमा ग्रहणाधिकार लागू गर्न सक्छ भन्ने कुरामा स्वीकृति जनाउन तपाईंले प्रतिपूर्ति सम्झौतामा हस्ताक्षर गर्नुपर्दछ ।

तपाईंको सम्बन्धित कर्मचारीलाई प्रतिपूर्ति/पुन:प्राप्ति प्रक्रियाको बारेमा सविस्तार बुझाइदिन आग्रह गर्नुहोस् ।

## मेरा अधिकारहरू के के हुन्?

तपाईंलाई निम्न अधिकारहरू हुनेछन्:

- OAA, APTD, वा ANB को लागि आवेदन गर्ने;
- शिष्टतापूर्वक व्यवहार गरिने;
- तपाईंले प्राप्त गर्ने सहायता रकम अथवा तपाईं वा तपाईंको परिवार किन अयोग्य छ भन्ने कारणहरूको सूचना प्राप्त गर्ने;
- यदि योग्य भएमा अनुदान पाउनुपर्ने समयमा प्राप्त गर्ने;
- विभागको निर्णयसँग असन्तुष्ट भएको खण्डमा वार्तालाप र/वा प्रशासनिक अपीलको लागि निवेदन गर्ने र उक्त वार्तालाप र/वा सुनुवाइको समयमा साथी वा वकील ल्याउन पाउने;
- तपाईंको केसको अभिलेख गोप्य राखिने; र
- तपाईंले प्राप्त गरेको OAA, APTD, वा ANB सहायताको रकम सहयोग कसरी सदुपयोग गर्ने भन्ने निर्णय गर्ने।

### प्रशासनिक अपील

यदि तपाईं आफ्नो केसमा लिएको कुनै पनि निर्णयको बारेमा सहमत हुनुहुन्न भने तपाईंले अपीलको लागि अनुरोध गर्न सक्नुहुनेछ । प्रशासनिक अपीलमा लिइएको निर्णयप्रति तपाईं किन सहमत हुनुहुन्न भन्ने कुरा प्रष्ट पार्न सक्नुहुन्छ । तपाईंको अधिकारको रक्षा गर्नको लागि तपाईंले सकेसम्म छिटो अपीलको लागि अनुरोध गर्नुपर्नेछ ।

### विभेद

न्यु ह्याम्प्शायर स्वास्थ्य तथा मानवीय सेवा विभागले प्रत्येक केसको निर्णय तथ्यको आधारमा लिन्छ । उमेर, लिङ्ग, नश्ल, रङ्ग, सम्प्रदाय, अपाङ्गता वा विकलाङ्गता, राष्ट्रिय मूल, अथवा धार्मिक वा राजनीतिक आस्थाको आधारमा विभेद गर्नु कानुन विपरीत हुन्छ । यदि तपाईंलाई आफू विभेदमा

परेको महसुस भएमा NH DHHS, 129 Pleasant Street, Concord, NH, 03301-3857 मा प्रशासनिक उजुरी जाँच अधिकारी (Ombudsman) सँग सम्पर्क राख्नुहोला; वा निम्न टेलिफोन नम्बरमा फोन गर्नुहोला: (603) 271-6941 वा 1-800-852-3345, ext 6941, TDD Access Relay NH 1-800-735-2964 वा 7-1-1 । तपाईंले त्यहाँ सम्पर्क राखे वापत तपाईं विरुद्ध कुनै प्रकारको प्रतिकार गरिने छैन ।

**मेरा जिम्मेवारीहरू के के हुन्?**

तपाईंले निम्न जिम्मेवारीहरू पूरा गर्नुपर्नेछ:

- तपाईं योग्य हुने/नहुने कुरासँग सम्बन्धित कुनै पनि कुराको यथार्थ र पूर्ण जानकारी दिने;
- तपाईंले बताउनुभएका सबै कुराहरूको प्रमाण पेश गर्ने;
- सहयोगको लागि योग्य हुने/नहुने कुरामा प्रभाव पार्ने कुनै कुरामा परिवर्तन आयो भने तुरुन्तै हामीलाई बताउने । यसमा ठेगाना, आय तथा सम्पत्ति, जस्तो कमाइ, सामाजिक सुरक्षा भत्ता, सम्पत्तिमा स्वामित्व; ट्रष्टहरूबाट आउने ब्याज, वा बीमाबाट प्राप्त रकम आदि पर्दछन् । यी परिवर्तनहरूको बारेमा तपाईंले परिवर्तन आएको दश दिनभित्र हामीलाई खबर गरिसक्नुपर्नेछ ।
- तपाईंले गलत किसिमबाट भुक्तानी पाउनुभयो भने बढी रकम हामीलाई फिर्ता गर्ने । त्यस्तो रकम प्राप्त गर्नुमा हाम्रो गल्ती भए पनि, तपाईंको भए पनि बढी भएको रकम तपाईंले फिर्ता गर्नुपर्नेछ ।

**छलकपट गर्नेलाई कारवाही?**

तपाईंले जानाजानी असत्य वा भ्रामक कुराहरू बताउनुभयो, वा राज्य खुराक वा अन्य सार्वजनिक सहायता प्राप्त गर्न तपाईंले वास्तविक अवस्थाको जानकारी गराउनुभएन भने तपाईंको विरुद्ध कानुन बमोजिम मुद्दा चलाइनेछ ।

---

यो प्याम्फ्लेट न्यु ह्याम्प्शायर राज्य खुराक कार्यक्रमको बारेमा सामान्य जानकारी प्रदान गर्नको लागि तयार पारिएको हो । थप जानकारीको लागि कृपया स्थानीय जिल्ला कार्यालयमा सम्पर्क राख्नुहोला ।

## स्वास्थ्य तथा मानवीय सेवा विभागका जिल्ला कार्यालयहरू

**BERLIN**
650 Main St., Ste. 200
Berlin, NH 03570-2496
603-752-7800 or
800-972-6111

**CLAREMONT**
17 Water St. Ste. 301
Claremont, NH 03743-2280
603-542-9544 or
800-982-1001

**CONCORD**
40 Terrill Park Dr.
Concord, NH 03301-9955
603-271-6200 or
800-322-9191

**CONWAY**
73 Hobbs St.
Conway, NH 03818-6188
603-447-3841 or
800-552-4628

**KEENE**
111 Key Road
Keene, NH 03431
603-357-3510 or
800-624-9700

**LACONIA**
65 Beacon St. West
Laconia, NH 03246-9988
603-524-4485 or
800-322-2121

**LITTLETON**
80 North Littleton Rd.
Littleton, NH 03561-3841
603-444-6786 or
800-552-8959

**MANCHESTER**
1050 Perimeter Road,
Suite 501 Manchester NH
03103-3303
603-668-2330 or
800-852-7493

**SOUTHERN**
26 Whipple St.
Nashua, NH 03060-3213
603-883-7726 or
800-852-0632

**SEACOAST**
19 Rye St.
Portsmouth, NH
03801-2862
603-433-8300 or
800-821-0326

**ROCHESTER**
150 Wakefield St., Ste. 22
Rochester, NH 03867-1309
603-332-9120 or
800-862-5300

**TDD Access: Relay NH 1-800-735-2964 or 7-1-1**

DFA Form 77c (Ne)
07/11 Rev 4/14 rev2 5/16
DFA SR 11-26

# न्यु ह्याम्प्शायर राज्य खुराक कार्यक्रम

Department of Health and Human Services
Division of Family Assistance
1050 Perimeter Road, Suite 501
Manchester NH 03103-3303
www.dhhs.nh.gov/DFA/